# हिमालय दर्पण

वर्षः ८ अङ्कः १३८ पुष ६ गते वि.सं. २०६६


## आज त्रिपक्षीय बैठक पहाड़वासी आशावादी

आज हुने चौथो त्रिपक्षीय बैठक लिएर पहाड़वासी आशावादी रहेका छन्। सर्वांगिन विकासको सपना नै गोर्खाल्याण्ड हो। दाँजेर हेर्दा एउटा युगीन अगति र दुर्भाग्यको खाड़लमा फँस्सिनु परेको तितो सत्यले हाम्रो मनै अमिलो पारेको छ। त्यही असन्तुष्टिबाट उठेको आन्दोलनको छटपटी र हैरानी छ। राज्य पुर्नगठन आयोग आउँदा, अघिका राष्ट्रिय पार्टीका प्रतिनिधिहरूलाई सठीक प्रयोग नगरेर पार्वत्य परिषद्मा नीति निर्धारण नगरेर, मण्डल आयोग समक्ष जात र थरको सूची बुझाएर, ८६ को गोर्खाल्याण्ड आन्दोलनलाई पनि सठीक सुझबुझमा नढालेर डिलिमिटेशन कमिटी समक्ष सठीक दस्तावेज बुझाउन नसकेको तितो सत्य हामीसित छ।

लगनशीलता र प्रतिभाशाली उपलब्धिलाई विचार्दा पनि जातीय चिन्हारी ढोल- ढ्याँग्रो पिटेर खोज्ने विषय नभएर स्वयं क्षेत्र पारेर, झेलिंदै बनाउँदै जानुपर्ने तड़कारो विषय हो। यद्धपि सामाजिक, आर्थिक, राजनैतिक, शारीरिक, भौतिक, मानसिक, आत्मिक विकासबिना कसैको पनि चिन्हारी निसार बन्छ। भारतका सुपुत्र भारतको शान र मानको निम्ति हामी समर्पित छौं। यो खेलाइँची होइन, हाम्रो पुर्खाको जीवनदानबाट पाएको स्वतन्त्रताभित्र रमाउने अधिकार अरूलाई झैं हामीलाई पनि पुग्नुपर्छ। हिमालको त्यो पवित्र छातीमाथि ठोक्किएर यता फर्कंदा प्रत्यूत्तर के पाइरहेछौं। जननी, जन्मभूमि स्वर्गभन्दा पनि ठूलो हो। भारत आमाको रक्षा हेतु हामीले उत्सर्ग दिंदै आइरहेका छौं। तर उत्सर्गको मूल्याङ्कन हुन सकेको छैन। चौथो त्रिपक्षीय बैठकले निश्चय पनि हाम्रो उत्सर्ग र त्यागको मूल्याङ्कन गर्ने आशा पहाड़वासीले साँचेका छन्। जीव- ज्यानको समर्पणको निम्ति युग-सन्धी, २१ दिसम्बरलाई पर्खिबसेका छौं।

राज्य सञ्चालनार्थ मानसिक पक्षको तयारीबारे आजै जनशक्तिले सम्पन्न हुनु आजको आन्दोलनको नीति-निष्ठा हुनुपर्छ। राज्यकै मान्यता हेतु वैचारिक सङ्घर्षलाई अगि बढ़ाएर लैजानुपर्छ। सम्झेर, बुझेर, तौलिएर उचित पाइला चाल्नुपर्छ। चिन्हारी बारेका हाम्रो सुझबुझमा साङ्गोपाङ्गो परिष्कार र विस्तृत विचार गर्नैपरेको छ। विकासले मात्र छुट्टै राज्यको मागलाई रोक्न सक्दैन। यस कुरोलाई राज्य र केन्द्र सरकारले बुझ्नुपर्छ। भारतीय संविधानको घेरोभित्रै रहेर छुट्टै राज्यको माग भारतेली नेपाली-गोर्खाले राखेका हुन्। सरकारले न्याय गर्नु सक्नुपर्छ। छुट्टै राज्य गोर्खाल्याण्ड भए देशको सुरक्षा अझै शक्तिशाली हुनेछ। यस कुरोलाई सबै पक्षकाले बुझ्नुपर्छ। नकारात्मक कुरोलाई ध्यान नदिएर केन्द्र सरकारले समय र पहाड़ी जनताको भावनालाई सम्मान दिन सक्नुपर्छ। चौथो त्रिपक्षीय बैठकबाट पहाड़वासीले यस्तै कुरोको आशा साँचेका छन्।

# गोर्खाल्याण्डमाथि नै चर्चा हुने : रोशन गिरी



७ अक्टोबर २००८ मा विमल गुरुङको नेतृत्वमा गोर्खा जनमुक्ति मोर्चाको जन्म भएपछि 'गोर्खाल्याण्ड' को आवाजलाई पहाड़, तराई–डुवर्स लगायत राष्ट्रिय स्तरमा पुऱ्याएर केन्द्र एवं राज्य सरकार र मोर्चामाझ तीनवटा त्रिपक्षीय वार्ता दिल्लीमा सम्पन्न भइसकेका कुरो सबैलाई विदितै छ। गोजमुमो–ले अल्प अवधिमा नै विपुल जनसमर्थनको बलमा दागोपाप– का प्रशासक तथा एक्काइस वर्षसम्मका दागोपाप–का एकछत्र शासक सुवास घिसिङलाई प्रशासक पदबाट हटाउन सक्षम भएको थियो भने क्रामाकपा, अभागोली, भागोप र अन्य राजनैतिक, गैर–राजनैतिक संघ– संस्थाहरूको सहयोगमा दागोपाप–को लागि छैटौं अनुसूचीको विधेयक पारित हुनदेखि अड़काएको थियो। गणतान्त्रिक ढङ्गले, अहिंसाको भरमा जनताको विपुल शक्तिमा गोजमुमो–ले गोर्खाल्याण्ड आन्दोलनको लागि विविध कार्यक्रमहरू गरिसकेको छ। दागोपाप–मा धेरै वर्षदेखि कार्यरत अस्थायी कर्मचारीहरूलाई स्थायीकरण गरिनुपर्छ भन्ने अस्थायी कर्मचारी संगठनको आन्दोलनलाई पनि गोजमुमो–ले पूर्ण टेवा दिएर सशक्त बनाए पश्चात् प्रथममा ३४७२ जना अस्थायी कर्मचारीहरूलाई स्थायीकरण गर्ने सरकारको लिखित आश्वासनलाई सरकार स्वयंले पूरा नगरेको यो क्षणमा दागोपाप ऐन भंग गर्ने जस्ता प्रस्तावहरू भइसकेको स्थितिमा सम्पूर्ण जनता गोर्खाल्याण्डको लागि आमरण अनशनद्वारा प्राणसमेत दिन तयार छन्।

२१ दिसम्बरको दिन दार्जीलिङकै इतिहासमा पहिलोचोटि दार्जीलिङकै भूमिमा गोर्खाल्याण्ड मुद्दालाई लिएर केन्द्र , राज्य र गोजमुमो–का प्रतिनिधिहरूमाझ ऐतिहासिक चौथो त्रिपक्षीय वार्ता सचिव स्तरमा होटल मे–फेयरमा सम्पन्न हुन लागिरहेको छ र वार्ताको लागि एकजना मध्यस्थकर्तासमेत नियुक्त भइसकेका छन्। पहाड़, तराई, डुवर्स तथा सम्पूर्ण भारतीय गोर्खाहरू लगायत गोर्खाल्याण्ड पक्षधर अन्य जाति गोष्ठीहरू तथा सबैको ध्यान आकर्षण यस चौथो त्रिपक्षीय वार्तातिर नै केन्द्रित भएको छ। उक्त वार्ताको प्रसंगलाई लिएर नै गोर्खा जनमुक्ति मोर्चाका महा–सचिव रोशन गिरीसँग गत १५ नोभेम्बरका दिन भएको अन्तवार्ताका केही अंशहरू प्रस्तुत छ–

१. आगामी २१ दिसम्बरमा हुने त्रिपक्षीय वार्तामा गोजमुमो–को स्पष्ट अड़ान सम्बन्धमा बताइदिनु हुन्छ कि?

आजसम्म दिल्लीमा सम्पन्न भएका तीनवटा त्रिपक्षीय वार्तामा गोर्खा जनमुक्ति मोर्चाको एउटा आवाज गोर्खाल्याण्ड थियो। आज दार्जीलिङमा २१ दिसम्बरमा सम्पन्न हुने चौथो त्रिपक्षीय वार्तामा पनि मोर्चाको स्पष्ट अड़ान गोर्खाल्याण्ड नै हुनेछ। गोर्खाल्याण्ड हाम्रो अस्तित्व र चिन्हारीसँग सम्बन्धित माग भएकोले वार्तामा हामी गोर्खाल्याण्ड बाहेक अन्य कुरामा राजी हुने छैनौं।

२. वार्तामा यदि केन्द्रिय सरकार र राज्य सरकारले गोर्खाल्याण्डको विकल्पमा युनियन टेरोटोरी तथा अटोनोमस् काउन्सिल तथा अन्तरिम परिषद्को लागि प्रस्ताव गरेको खण्डमा मोर्चाको मस्तिष्कले के सोच्ने छ?

अघि नै भनियो मोर्चा गोर्खाल्याण्डको मुद्दादेखि एक इञ्च पनि पछि सर्ने छैन। गोर्खाल्याण्ड बाहेक अन्य कुनै पनि प्रस्ताव पूर्णरूपमा खारेज गरिदिने छौं। युनियन टेरोटोरी, अटोनोमस काउन्सिल सबै पुराना धारणाहरू हुन्। ७ अक्टोबर २००७ मा गोर्खा जनमुक्ति मोर्चा केवल गोर्खाल्याण्डको मुद्दालाई लक्ष्यसम्म पुऱ्याउन नै गठन भएको हो। समस्त जनता नै गोर्खाल्याण्डको लागि आन्दोलित छन् भने गोर्खाल्याण्ड बाहेक अन्य प्रस्तावलाई मोर्चाले स्वीकार्ने छैन।

३. गोर्खाल्याण्ड एक राष्ट्रिय मुद्दा भएकोले राष्ट्रिय स्तरमा मोर्चाले गरिरहेका गतिविधि बारेमा बताइदिनु हुन्छ कि?

–गोर्खाल्याण्ड मुद्दा एक राष्ट्रिय मुद्दा भइसकेको छ। राष्ट्रिय स्तरका राजनैतिक दलहरूले समेत गोर्खाल्याण्डलाई आफ्नो चुनावी घोषणा पत्रहरूमा लगाइसकेका छन्। गोर्खाल्याण्ड मुद्दालाई गोजमुमो–ले राष्ट्रिय मुद्दा बनाएर अघि बढ़िरहेको छ। भारतभरि छरिएर बसेका समस्त गोर्खाहरूलाई एकताको सूत्रमा बाँधेर गोर्खाल्याण्ड आन्दोलनमा सचेत र सक्रिय पार्न गोजमुमो–का शाखाहरू दिल्ली, देहरादून लगायत उत्तर पूर्वी राज्यहरूमा गठन गरी अति निष्ठापूर्वक कार्य गरिरहेका छन्। भारतभरि छरिएर बसेका विभिन्न समस्याहरूको समाधान गर्न पनि गोजमुमो लागिपरेको छ। गोर्खाहरूसँग मात्र नभएर अन्य जातिहरूसँग पनि गोर्खाल्याण्ड मुद्दालाई अघि बढ़ाउन सुदृढ़ सम्बन्ध कायम गरिरहेका छौं। झारखण्डीहरू, बोड़ोहरू लगायत स–साना राज्यहरू माग्ने सम्पूर्ण दलहरूसँग हाम्रो सुमधुर सम्बन्ध छ। गोर्खाल्याण्ड आन्दोलनको लागि उनीहरूबाट सहयोग पनि पाइरहेका छौं। गोर्खाल्याण्ड मुद्दालाई राष्ट्रिय मुद्दाकै रूपमा अघि बढ़ाउन हामी धेरै हदसम्म सफल भएका छौं।

४. गोर्खाल्याण्ड मुद्दालाई भारतभरि छरिएका गोर्खाहरूको समर्थन उपलब्ध गराउन भारतका विभिन्न राज्यहरूमा तपाईंहरूका विभिन्न कार्यक्रमहरू भइरहेका छन्। त्यहाँका मानिसहरूबाट कस्तो प्रतिक्रिया पाइरहनु भएको छ?

–गोजमुमो मार्फत् गोर्खाल्याण्ड जन–आन्दोलनलाई सर्वभारतीय गोर्खाहरूको समर्थन प्राप्त गर्न हामी गोर्खा बहुल अन्य राज्यहरूमा जाँदा त्यहाँका तृणमूल स्तरका मानिसहरूदेखि लिएर बौद्धिक व्यक्तिहरू सबै–सबैबाट सहृदयले समर्थन पाइरहेका छौं। भारतभरि छरिएका गोर्खाहरूको चाहना गोर्खाल्याण्ड रहेको छ। यसैले हामी जहाँ–जहाँ पुग्यौं सबै जग्गाबाट समर्थन एवं सहयोग पायौं अनि पाइरहेका छौं।

५. गोर्खाल्याण्डकै समर्थनमा दार्जीलिङका अन्य राजनैतिक दलहरूले सामूहिक नेतृत्वको कुरा गरिरहेका छन्। यसमा गोजमुमो कति सहमत छन् ?

–जनता सबै एक भएर गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष श्री विमल गुरुङको नेतृत्वमा गोर्खाल्याण्ड प्राप्तिको लागि गोजमुमो जन्म भएदेखि आजसम्म निष्ठापूर्वक आन्दोलन गरिरहेका छन्। सोही सामूहिक बलको फलस्वरूप नै २१ वर्षसम्म दागोपाप–मा एक छत्र शासन गर्ने सुवास घिसिङलाई पूर्णरूपमा हटाउन सक्यौं। पारित हुन लागेको छैटौं अनूसूचीको बीललाई रोक्न सक्यौं साथै राष्ट्रिय स्तरमा गोर्खाल्याण्ड मुद्दालाई पुऱ्याउन सक्यौं। अब अन्य राजनैतिक दलका नेताहरूले कुन सामूहिक नेतृत्वको कुरा गरिरहेका छन्। वास्तवमा उनीहरूले नै सामूहिक नेतृत्वको कुरा बुझेका छैनन्। समस्त जनता नै गोर्खाल्याण्डको लागि गोजमुमो–मा सामेल भई अघि बढ़िरहेका छन् भने यस्तो स्थितिमा सामूहिक नेतृत्वको कुरा गर्ने नेताहरूले आ–आफ्ना व्यक्तिगत स्वार्थलाई त्यागेर समर्थन एवं सहयोग गर्नुपर्ने हो। तर उनीहरूले सधैं नै विरोध मात्रै गरिरहेका छन्। गोजमुमो जन्म हुनुभन्दा अघि पनि उनीहरू थिए अनि आज पनि छन्, तर आजसम्म ती सामूहिक नेतृत्वको कुरा गर्ने मदन तामाङहरूले गोर्खाल्याण्ड आन्दोलनको लागि के गरेका छन् र? गोर्खाल्याण्डको लागि केही काम गरेका भए जनताले उनीहरूलाई अवश्यै स्वीकार्ने थिए, तर आजसम्म उनीहरूले केही गरेका छैनन्। मदन तामाङ वास्तवमा इमान्दार छैनन्, केवल आफ्नै व्यक्तिगत स्वार्थ सिद्धिको लागि मात्र उनले काम गरिरहेका छन्। यसैले नेताको रूपमा जनताले उनलाई कुनै दिन पनि स्वीकार गर्नेछैन। यसैले मदन तामाङले भनेका सामूहिक नेतृत्वलाई जनताले मान्ने छैन। सबै काम गोजमुमो–ले गर्दैछ, तब अब फेरि सामूहिक नेतृत्व के को लागि? त्यस्ता व्यक्तिहरूको सामूहिक नेतृत्व गोजमुमो–लाई आव्श्यक छैन।

**मेघनाथ छेत्री , टिस्टा भेली**

६. विगतमा दिल्लीमा सम्पन्न भएको तेस्रो त्रिपक्षीय वार्तामा दागोपाप–को अन्तरिम व्यवस्थाको चर्चा भएको कुरो समाचार पत्रहरू मार्फत् जान्नमा आएको थियो। अन्तरिम व्यवस्था भन्नुको तात्पर्य के हो?

–तेस्रो त्रिपक्षीय वार्तामा दागोपाप ऐनलाई रद्द गर्ने प्रस्ताव ग्रहण भएको थियो। ऐन रद्द गर्न कतिपय तक्निकीहरूको लागि केही समय लाग्ने भएकोले त्यति समय सीमासम्मको लागि केन्द्र सरकारले अन्तरिम व्यवस्थाको कुरो गरेको थियो। वास्तवमा गोर्खाल्याण्ड प्राप्तिको बाटोलाई सफा पार्न नै मोर्चाले दागोपाप–को ऐन रद्द गर्ने, छैटौं अनुसूचीको बील खारेज गर्ने मागहरू गरेको हो। केन्द्र र राज्यले जे सुकै व्यवस्थाको कुरा गरोस् हामी गोर्खाल्याण्डदेखि अलिकति पनि पछि पर्ने छैनौं।

७. गत ११ अगस्तमा दिल्लीमा सम्पन्न भएको तेस्रो त्रिपक्षीय वार्तामा दागोपाप–को ऐन रद्द गर्ने र छैटौं अनुसूचीको विधेयक संसदबाट आधिकारिक रूपमा खारेज गर्ने निर्णय लिइएको थियो। सो निर्णयलाई पूर्ण गर्न मोर्चाको तर्फबाट केन्द्र सरकारलाई आजसम्म के कति दबाउ दिने काम भइसकेको छ। यसबारेमा बताइदिनु हुन्छ कि?

–तेस्रो त्रिपक्षीय वार्तामा देशको गृह सचिव स्वंयले नै छैटौं अनुसूचीको विधेयकको कुरो अब कुनै दिन पनि संसदमा उठान हुनेछैन र यसलाई पूर्णरूपमा खारेज गरिएको छ भन्ने कुरा बताएका छन् तरै पनि यस सम्बन्धमा सरकारले श्वेत–पत्र जारी गर्नुपर्छ भन्ने मोर्चाको माग रहेको छ। यो काम केन्द्र सरकारले अवश्यै गर्नेछ। जे होस् छैटौं अनुसूचीको मुद्दा मरिसकेको छ।

८. दागोपाप ऐन रद्द भयो भने यहाँ कार्यरत अस्थायी कर्मचारीहरूको स्थिति चाहिं के हुन्छ?

–गोर्खाल्याण्ड प्राप्तिको लागि दागोपाप ऐन रद्द गर्नु अनिवार्य छ। तर दागोपाप ऐन खारेज हुनुअघि नै राज्य सरकारले यहाँ कार्यरत सम्पूर्ण अस्थायी कर्मचारीहरूलाई स्थायीकरणको नियुक्ति दिनुपर्छ। यो सम्पूर्ण दायित्व राज्य सरकारको हो। अस्थायी कर्मचारीहरूलई स्थायी नियुक्ति दिइनु पर्छ भन्ने कुरोमा गोजमुमो–ले पूर्ण साथ दिइरहेका छौं। सम्पूर्ण अस्थायी कर्मचारीहरूलाई स्थायी नियुक्ति गरिनुपर्छ भन्ने गोजमुमो–को स्पष्ट अड़ान छ। जनमुक्ति अस्थायी कर्मचारी संगठनलाई गोजमुमो–को पूर्ण सहयोग छ। अस्थायी कर्मचारीहरू सुर्ताउन पर्दैन, दागोपाप भंग भयो भने उनीहरूलाई कुनै आघात पर्ने छैन। स्थायीकरणको प्रक्रिय बरू चाँड़ो हुनेछ।

९. अस्थायी कर्मचारीहरूलाई स्थायीकरण गर्नमा राज्य सरकारले आफ्नो वचन अनुरूप कार्य नगेरकोमा हजुरको प्रतिक्रिया?

–राज्य सरकारले आफ्नो वचन अनुरूप कार्य नगरेर आफै अविश्वासको पात्र बनेको छ। दागोपाप ऐनको आधारमा यहाँ कार्यरत अस्थायी कर्मचारीहरूको स्थायीकरण गर्ने क्षमता यहाँका प्रशासक र मुख्य सचिवलाई छ। घिसिङको समयमा उनी आफैले यसलाई अनदेखा गरे। तर आज राज्य सरकारको हस्तक्षेपले स्थायीकरणको प्रक्रियामा ढिलाइ भइरहेको छ। वास्तवमा स्थायीकरणको प्रक्रियालाई अघि बढ़न नदिएर राज्य सरकारले अस्थायी त्रिपक्षीय वार्तालाई विफल पार्न सक्दो प्रयास गरिरहेको छ। राज्य सरकारको प्रयासलाई अब विफल पार्न जनमुक्ति अस्थायी कर्मचारी संगठनले स्थायीकरणको आन्दोलनलाई अझ सक्रिय भएर अघि बढ़ाउनुपर्छ। सरकार स्वयंले दिएका वचनहरू सरकार स्वंयले पूरा गर्न नसक्नु सरकारको दायित्व हीनता हो। यसको विरोध हामी सबैले गर्नुपर्छ।

१०. तराई डुवर्स सम्बन्धमा मोर्चाको स्पष्ट अड़ान के छ?

–गोर्खा जनमुक्ति मोर्चाले पहाड़, तराई–डुवर्स सबैलाई समेटेर टिस्टादेखि सुनकोशसम्मको साँध सीमाना देखाइ प्रस्तावित गोर्खाल्याण्डको मानचित्र केन्द्र सरकार समक्ष सुम्पेका छौं! हाम्रो सीमानामा एक इञ्च पनि घट्ती हुन दिने छैनौं। यसपल्ट तराई डुवर्स सबैलाई सामेल गर्न नै गोजमुमो–द्वारा आन्दोलन भइरहेको छ। डुवर्सको सम्पूर्ण जनता गोर्खाल्याण्डको पक्षधर छन् भन्ने कुरो त कालचिनी विधानसभा समष्टिको उप चुनाउमा मोर्चा समर्थित निर्दल उम्मेद्वार श्री विलसन चम्प्रामारीलाई जिताएर देखाइदियौं। डुवर्सको बन्द चियाबारीहरूलाई झट्ट खोल्नुपर्ने र अन्य विधित समस्याहरूको समाधान राज्य सरकारले झट्टै गर्नुपर्छ भन्ने मागमा मोर्चाले धारावाहिक रिले अनशन गरिरहेको छ। वास्तवमा यसले गोर्खाल्याण्ड आन्दोलनालई डुवर्समा अघि बढ़ाउन सहयोग गरिरहेको छ। यहाँको सम्पूर्ण जनता अझ सक्रिय भएर अघि बढ़नुपर्छ। गोर्खाल्याण्डमा तराई–डुवर्सलाई अन्तर्भुक्त गर्न मोर्चा सधैं तत्पर रहनेछ।

११. तराई डुवर्समा मोर्चाको सांगठनिक गतिविधि भविष्यमा कस्तो हुनेछ?

–गणतान्त्रिक ढंगमा अहिंसावादी नीतिमा नै तराई डुवर्समा मोर्चाको सांगठनिक गतिविधि अघि बढ़नेछ। त्यहाँका गोर्खा जाति लगायत अन्य जातिहरू आदिवासी, मेचे, बोड़ो आदि सबै नै दीर्घदिनदेखि बंगाल सरकारको शोषण अत्याचारमा बसिरहेका छन्। उनीहरू सबैलाई बंगालको दासत्वबाट मुक्ति दिन नै गोर्खाल्याण्ड राज्य आवश्यक रहेको कुरो सबैलाई बुझाइरहेका छौं। भविष्यमा पनि बुझाउने छौं। आज आदिवासी सम्प्रदायले पनि बंगाल सरकारको शोषण दमनलाई बुझेर बंगालबाट छुट्टिनुपर्छ भन्ने कुरो स्वीकारी सकेका छन्। हामी त्यहाँका सम्पूर्ण जातिहरूसँग मिलेर काम गर्ने पक्षमा छौं। चियाबारीका श्रमिकहरूको दयनीय अवस्थालाई सुधार्ने प्रयासमा छौं। आदिवासी विकास परिषद्ले पनि एक दिन यो कुरालाई बुझेर हामीलाई पूर्ण समर्थन गर्नेछन् भन्ने विश्वास छ। श्री विलसन चम्प्रामारीको जीतले हाम्रो मनोबल बढ़ेको छ। यो केवल गोर्खा र मोर्चाको मात्र जीत नभएर डुवर्सका सम्पूर्ण गोर्खाल्याण्ड पक्षधर जनताको जीत भएको छ। यसरी तराई–डुवर्सका सम्पूर्ण जनताको योगदानले गोर्खाल्याण्ड आन्दोलको सांगठानिक गतिविधि सही दिशामा अघि बढ्छ भन्ने कुरोमा आशावादी छौं।

१२. त्रिपक्षीय वार्ताको लागि केन्द्र सरकारले नियुक्त गरेका मध्यस्थकर्ता आसाम राइफल्सका भूतपूर्व लेफ्टिनेण्ट जेनरल श्री विजय मदनसँग दार्जीलिङमा मोर्चाका नेताहरूको सभा भएको थियो, सो सभाको गाँठी कुरो बताइदिनु हुन्छ कि?

–आगामी त्रिपक्षीय वार्ताको लागि एक मध्यस्थकर्ता हुनुपर्छ भन्ने कुरो केन्द्र सरकार स्वयंले महसुस गरेर नियुक्तिसमेत गरिसकेको हो। मध्यस्थकर्तासँग मोर्चाले सभा गरेर गोर्खाल्याण्डको स्पष्ट अड़ान बताइदिएका छौं। गोर्खाल्याण्डको आवश्यकताका कुराहरू उनलाई बुझाइदिएका छौं। विगतका त्रिपक्षीय वार्ताहरूमा केन्द्र र राज्य सरकारलाई स्पष्टरूपमा बताइसकेका छौं। यसैले हाम्रो स्पष्ट अड़ानलाई बुझेर मध्यस्थकर्ताले कार्य गर्नुपर्छ भन्ने हाम्रो भनाइ छ।

१३. आजसम्म त्रिपक्षीय वार्ता सचिव स्तरमा मात्र भइरहेको छ, राजनैतिक स्तरका वार्ता हुन नसकेको कारण?

–गोर्खाल्याण्डको मुद्दा राजनैतिक मुद्दा भएकोले राजैनैतिक स्तरमा नै यसको समाधान हुनुपर्छ। हामीले धेरैपल्ट राज्य र केन्द्र सरकार समक्ष राजनैतिक स्तरको वार्ताको लागि माग गरिसकेका छौं। यसैले सरकारले बुझेर अब हुने पाँचौं त्रिपक्षीय वार्ता राजनैतिक स्तरमा हुनुपर्छ भन्ने कुरोमा हामी अडिग हुनेछौं। राजनैतिक स्तरमा त्रिपक्षीय वार्ताको महत्त्वलाई सरकारले बुझ्नुपर्छ।

१४. गोर्खाल्याण्ड जन–आन्दोलनलाई प्रभावी पार्न मोर्चाको भावी रणनीतिहरू अब २१ दिसम्बरपछि कस्तो हुनेछ?

–हामी गणतन्त्र र अहिंसामा विश्वास गर्छौं। यसैले गणतान्त्रिक पद्धतिमा अहिंसात्मक ढंगले सरकारलाई प्रभाव पार्ने रणनीतिहरू आज झैं २१ दिसम्बरपछि पनि निरन्तर प्रयोग गर्नेछौं।

१५. आजका युवाहरूलाई सुझाउ दिन चाहनुहुन्छ?

–युवाशक्ति सबैभन्दा ठूलो शक्ति हो। युवाले आफ्नो शक्ति तथा समयलाई सही ठाउँमा प्रयोग गर्नुपर्छ। विशेष गरी सम्पूर्ण युवाहरूमा सर्वप्रथम आध्यात्मिक चेतना आउनु आवश्यक छ। युवाहरू अध्यात्मप्रति झुकेको हुनुपर्छ। यसो भएमा उनीहरूमा अनुशासन, नैतिकता कायम हुनसक्छ। अध्यात्म नभए युवाहरूको नैतिक पतन भएर जान्छ। यसैले युवाहरूमा अध्यात्म चेतनाले अनुशासित चरित्रवान बनी निरन्तर रूपमा जोश तथा उत्साहकासाथ सकारात्मक कार्यहरूमा अगि बढ्नुपर्छ।

## दृष्टि

### हतार छ...

-ज्ञानबी छेत्री

*अनुशासन र संस्कारभित्र बाँचेका*
*हामी गोर्खा जाति*
*अतिथिदेवो भवः*
*सदैव ठान्ने र मान्ने संस्कारले*
*गर्व गर्दै अतिथिमाथि र आफ्नो स्वभावमाथि*
*भन्छौं यसरी...*
*'वेल कम टु गोर्खाल्याण्ड'*
*'पिल्लई'*
*यहाँ शताब्दीदेखि बंगालले अधिकारहनन् गर्दै*
*निल्लै बनाएको जीवनले चाहेको*
*उन्मुक्तिपछिको नौलो बिहानीको नौलो सूर्य*
*'गोर्खाल्याण्ड' को मुद्दाबाहेक*
*विकासका कुराहरू उठाएर*
*जनआस्था र जनआकङ्क्षालाई धोका दिँदै*
*जिल्लै पार्ने हो कि ?*
*नत्र, यति लामो पर्खाइ ! सौहार्द्रपूर्ण वातावरण*
*संगालेर बसेका*
*प्रत्यक्ष–अप्रत्यक्ष परिबन्दहरूमा बिमुख बनाई*
*यो पुरस्कार ! यो परिणाम थाप्नु ?*
*जनउत्तरदायी को बन्ने ?*
*यहाँ विकासका कुराहरूभन्दा अघि*
*चिन्हारीको खाँचोमा*
*'गोर्खाल्याण्ड' चाहिएको छ*
*भन्न सबैलाई हतार छ।*

# बुद्धको शिक्षण पद्धतिः व्यवहारिकता आधारित (भाग–एक)

**जम्बु लामा**

यो कुरो त सबैलाई विदितै छ कि एउटा घाँसीले बुद्धलाई ध्यानसाधना गर्दा बस्न सजिलो हुन्छ भनेर सधैं घाँस दिएका थिए। बुद्धले बोधिमुनि पद्मासनमा ध्यानाभ्यास गर्दा आसनको निम्ति घाँस दिएकोमा धन्यवाद दिँदै बुद्धले भने कि यस घाँसमाथि बसेर ध्यान गर्दा उनलाई ध्यानसमाधि लिनु धेरै सुविधा भएको थियो। त्यस युवा घाँसीको नाम थियो स्वास्ति। स्वास्तिसँग बुद्धको भेट कसरी भयो यो स्थिति पनि उल्लेखनीय छ तथा अरूको निम्ति एउटा आदर्श उदाहरण।

एघाह्र वर्षीय स्वास्तिले नदी तटमा भैंसीहरूलाई नुहाइसकेपछि घाँस पनि अलिकता काटे। त्यसपछि त्यस वनको शीतल वातावरणमा केही आराम गर्ने उद्देश्यले एउटा एकान्त जग्गा खोज्दै केही अघिसम्म गए। भैंसीहरूलाई जंगलमा नदीको किनार चर्न दिएर स्वास्ति एउटा ठूलो रूखको छाहारीमा पीठ टेकाएर सुत्ने इच्छाले अघि बढ़े। अचानक उनी रोकिए। उनी उभेको जग्गादेखि २० फिटको दूरीमा एउटा पीपल बृक्षमुनि एउटा व्यक्ति चुपचाप बसिरहेको देखे। स्वास्तिले आश्चर्य मानेर त्यस व्यक्तिलाई हेरिरहे। आजसम्म उनले कसैलाई यति सिधा भएर बसेको देखेको थिएनन्। उनको शरीरको माथिल्लो भाग एकदम सिधा तन्केको थियो अनि खुट्टा पलेटी मारेको स्तिथिमा फिलामाथि थिए। उनी एकदम स्थिर एवं संयत भावमा बसेका थिए। उनका आँखा आधा सुतेको जस्तो लाग्थ्यो अनि हात पेटअघि एकाअर्कामाथि राखिएका थिए। उनले गेरूवा रंगको लुगा लगाएका थिए अनि एकपट्टिको काँध खुल्लै थियो। उनको शरीरबाट निस्केको शान्त र गरिमामय आभा चारैतिर फैलिरहेको भान हुन्थ्यो। उनलाई एकपल्ट देख्दैमा स्वास्तिको शरीरमा र मनमा आश्चर्यजनक स्फूर्ति अनुभव भयो। उनको मुटुको धुकधुकी अचानक बढ्यो। उनले यो बुझ्नै सकेनन् कि एक अपरिचित व्यक्तिलाई देख्दा किन मनमा यस्तो विशिष्ट भाव उत्पन्न भइरहेको छ। उनले त्यस व्यक्तिलाई आदर–भाव लिएर अविचल खड़ा भई धेरै बेरसम्म हेरिरहे।

केही समयपछि त्यस व्यक्तिले आँखा खोले। पहिला त उनले स्वास्तिलाई देखेनन् किनकि उनले पद्मासनबाट खुट्टा खोलेर सिधा गर्दै खुट्टामा रक्त संचालनको निम्ति मसारिबसे। उनी बिस्तारै उठेर हिंड्न थाले। उनी स्वास्ति उभेको जग्गाको विपरीत दिशामा हिंड्न थालेकोले उनले स्वास्तिलाई अझसम्म देख्न पाएका थिएनन्। कुनै प्रकारको आहट नगरी त्यस व्यक्तिले जंगलमा हिंडेको स्वास्तिले ध्यानपूर्वक हेरिरहे। सात आठ कदम हिंड़ेपछि हठात् ती व्यक्ति फर्के, त्यससमय उनको दृष्टि स्वास्तिमाथि पऱ्यो।

एघाह्र वर्षे स्वास्तिलाई हेर्दै ती व्यक्ति मुस्कुराए। स्वास्तिलाई अझसम्म यस्तो ममतापूर्ण मुस्कुराहट लिएर कसैले हेरेको थिएन। कुनै अज्ञात शक्तिद्वारा तानिए झैं स्वास्ति त्यस व्यक्तितर्फ दौड़े तर त्यस व्यक्तिको छेउ पुग्नै लाग्दा स्वास्ति हठात् रोकिए। उनलाई स्मरण भयो कि उनी त एक अछुत हुन् अनि कुनै उच्च जातिको मानस समक्ष जाने अधिकार छैन। स्वास्ति एकजना अछुत भए तापनि स्वास्तिको वर्गको कुनै वर्गीकरण थिएन। भारतीय समाजका चार वर्णको परिभाषामा स्वास्ति निम्नतम वर्गमा पनि आउँदैन थिए। उनको पिताले उनलाई बताएका थिए कि ब्राह्मण सबैभन्दा उच्च जातिको हुन्छ अनि यस वर्गमा जन्मेको मानिस आचार्य र अध्यापक हुन्छ जसको काम हो धर्मग्रन्थको अध्ययन तथा देवी देवताको अर्चना। ब्रह्मले सृष्टिको रचना गर्दा ब्राह्मण ब्रह्मको मुखबाट प्रकट भएको मानिन्छ। ब्राह्मणपछिको श्रेष्ठ जात हो क्षत्रिय। यस वर्णका मानिस राजनेता तथा योद्धा हुन्छ, किनकि उनीहरूको जन्म ब्रह्मको बाहुबाट भएको हो। तेस्रो वर्ण जसलाई वैश्य भनिन्छ, त्यस वर्णमा मानिसहरू व्यापारी ,कृषक र दस्ताकार हुन्छन्। यिनीहरूको सृष्टि ब्रह्माको फिलाबाट भएको हो। चौथो र निम्न वर्ण शुद्र हुन् जो ब्रह्मको पैतालाबाट जन्म भएको हो। तर स्वास्ति एक अछुत भएकोले यी चारै वर्णदेखि पनि अलग निम्नतर वर्गका थिए। उनीहरू गाउँका सीमा बाहिर बस्थे अनि सबैभन्दा निम्नतम जागिर जस्तै भैंसी चराउनु, मैला उठाउनु, खेतमा मल हाल्नु इत्यादि गर्थे। त्यस बेलाको सामाजिक व्यवस्था यस्तो थियो कि मानिसहरू जुन वर्णमा जन्मे त्यसै वर्णअनुसार जीवन यापन गर्नुपर्ने उपेक्षा गरिन्थ्यो । पवित्र धर्म ग्रन्थले पनि यही वर्ण भेदलाई मान्यता दिइरहेको थियो अनि सबै जात वर्णले यसलाई पालन गर्न अनिवार्य मानिन्थ्यो। यदि एक अछुतले कुनै उच्च वर्णको मानिसलाई छोए उसको पिटाइ हुन्थ्यो। कहीं कुनै अछुतले कुनै ब्राह्मण वा उच्च वर्णको व्यक्तिलाई छोएमा त्यस उच्च वर्णको व्यक्ति अपवित्र भएको मानिन्थ्यो अनि उसको शुद्धिकरणको निम्ति कति दिन उपवास तथा स्नान इत्यादि गरी आफैलाई पवित्र पार्नु पर्थ्यो। –क्रमशः

विचार-मञ्च — प्रकाशित विचार-मञ्चको जिम्मेवार लेखक स्वयं हुनेछन्। सम्पादक

# म पनि आमरणको पक्षमा

**नारायण छेत्री (अधिवक्ता) चाँदमारी, दार्जीलिङ**

म पनि राजनीतिमा चासो राख्छु, मेरो कुनै पनि राजनैतिक पार्टीसित व्यक्तिगत मतभेद छैन। श्रीमान् मदन तामाङले मलाई भूल नबुझ्नु, उनी पनि एकजना राजनेता हुन्। जनताको निम्ति अघि आएर काम गर्दैछन्। मैले आफ्नो धर्म निर्वाह गरेको मात्र हुँ। २००२ सालमा श्री छत्रे सुब्बाको मुद्दा कुनै पनि वकिलले लिन नमान्दा मैले लिने इच्छा प्रकट गरें। मैले आफ्नो धर्म निर्वाह गरेको थिएँ। त्यस समय पनि आज पनि त्यही धर्म गरिरहेछु आउने समयको निम्ति। यसै धर्मले अनि आउने हाम्रो जमातको निम्ति म यही भन्न चाहन्छु, यो राजनीति गर्ने समय होइन, तर एक भएर लड़ने समय हो अनि यसरी एक भएर भोलिको दिनमा श्रीमान विमल गुरुङ, श्री रोशन गिरी, श्री मदन तामाङ अनि श्री आर. बी. राई एकै मंचमा आएर गोर्खाल्याण्डको निम्ति आमरण भोक हड़तालमा बसे म पनि छुट्टै राज्य गोर्खाल्याण्डको निम्ति आफ्नो प्राण दिन तयार छु। यदि मैले दिएको यत्ति सानो त्यागले भोलि हाम्रो भविष्य बनिन्छ भने म तयार छु। अनि यसमा मेरो केही स्वार्थ पनि छैन। भोलि मलाई छुट्टै राज्यको कुनै मन्त्री हुने लोभ छैन भने मेरी चार वर्षकी छोरी छ, त्यसले नोकरी पाउली भन्ने पनि मेरो लालच छैन। तर यदि निस्वार्थ भावले म जस्तै अरू नेताहरू पनि तेलेंगनाको जस्तो मैदानमा निस्कन तयार भए म पनि तयार छु। गोर्खालीगको तरूण गोर्खाका सभापति हुँदा केवल १२ घण्टा भोक हड़तालमा बसेको थिएँ। त्यो पनि१९९५तिर। त्यसपछि भने घरका आजा–पूजामा धरि भोकै बसिएको छैन।

**शेष– भाग**

अब भाजपा लगायत बसपाद्वारा पनि गोर्खाल्याण्डको मुद्दा संसदमा उठ्न लागेपछि पहाड़का सबै राजनैतिक पार्टी जसले गोर्खाल्याण्डलाई साझा मुद्दा ठान्छन्, तिनीहरू पनि सब सामेल हुनुपर्छ आमरण भोक हड़तालमा। अनि भोलिको दिनमा यदि श्रीमान् विमल गुरुङ, रोशन गिरी, श्री मदन तामाङ, श्री आर बी. राई एकैमञ्चमा आएर आमरण भोक हड़तालको घोषणा गरे म स्वयं पनि त्यहाँ छुनेछु भने छुट्टै राज्यको निम्ति यो अन्तिम लड़ाईंमा सबैलाई अघि आउने निवेदन गर्दछु। जनताले नेतालाई अगि ल्याउनुपर्छ छुट्टै राज्यको निम्ति अनि आमरणमा पठाउनु पर्छ।